सानीभेरी गाउँपालिका

# गाउँ कार्यपालिकाको कार्यालय

सिम्ली, रुकुम (पश्चिम)

कर्णाली प्रदेश, नेपाल


मितिः २०७६।११।२२

**सानीभेरी गाउँपालिका, गाउँ कार्यपालिकाको मिति २०७६।११।२० र २१ गतेको बैठकका निर्णयहरु**

१. सानीभेरी गाउँपालिका अन्तर्गत प्रारम्भिक बाल विकास केन्द्र देखि कक्षा ५ सम्म अध्ययनरत ५,४२७ जना विद्यार्थीहरुलाई पोषाकको व्यवस्था गर्नका लागि विद्यालयलाई अनुदान उपलब्ध गराउने

२. श्री सुर्योदय माध्यमिक विद्यालयलाई माध्यमिक तह(कक्षा ११-१२) कानुन संकायको लागि १ वटा शिक्षक अनुदान उपलब्ध गराउने

३. आधारभूत शिक्षा उत्तिर्ण परीक्षा सञ्चालन तथा व्यवस्थापन सम्बन्धी कार्यविधि, २०७६ लाई स्वीकृत गर्ने

४. बालबालिकाको हकहित संरक्षण र प्रवर्द्धन सम्बन्धी कार्यविधि, २०७६ लाई स्वीकृत गरी कार्यान्वयन गर्ने

५. सानीभेरी गाउँपालिका अस्पतालको सेवालाई विस्तार गरी प्रभावकारी बनाउनुका साथै अस्पताल सञ्चालन समिति गठन गर्ने

६. सानीभेरी गाउँपालिकाको वन ऐनको मस्यौदा तयार गर्नका लागि विधायन समितिलाई जिम्मेवारी दिने

७. आर्थिक वर्ष २०७७ / ०७८ को लागि कर्णाली प्रदेश सरकारमा समपूरक र विशेष अनुदान माग गर्ने

८. कर्णाली प्रदेश मुख्यमन्त्री रोजगार कार्यक्रम सञ्चालनको लागि यस गाउँपालिका स्थित देहाय बमोजिमका स्थानहरु छनौट गर्ने : चाईनाबगर, गरायला जिउला, ज्यामिरे जिउला, माझ बगर, कुनाखेत, छोटे बगर र हाँसीबाङ

९. सानीभेरी गाउँपालिका अन्तर्गत देहाय बमोजिमका क्षेत्रहरुलाई कृषि उपज र पशु पन्छी पकेट क्षेत्रको रुपमा छनौट र विकास गर्नेः (क) भैसीपालन पकेट क्षेत्रः वडा नं. १,२,७,८,९,१० र ११ (ख) मौरीपालन र बाख्रा पालन पकेट क्षेत्रः वडा नं. ३,४,५ र ६ (ग) तरकारी बिउ उत्पादन र अंगुर पकेट क्षेत्रः वडा नं. १,२,३,४,७,८ र ९ (घ) किवी उत्पादन पकेट क्षेत्रः वडा नं. ५,६ र ११ (ङ) सुन्तला, लिची र आँप उत्पादन पकेट क्षेत्रः वडा नं. १,२,७,८,९,१० र ११

१०. विश्वभर कोरोना भाइरस( कोभिड-१९) को संक्रमण तथा सन्त्रास फैलिरहेको कारण यसको सम्भवित जोखिमबाट बच्नका लागि गाउँपालिका भरमा वृहत भेला, सभा, सम्मेलन, समारोह, दिवस लगायत अन्य मानवीय भिडभाड हुने प्रकृतिका कार्यक्रम सञ्चलन नगर्न नगराउन सम्बन्धित सबैमा अनुरोध गर्ने

११. आगामी गाउँ सभाको बैठक मिति २०७६।१२।२१ गते गर्ने

१२. गाउँपालिकाको कार्यबोझलाई मध्यनजर गर्दै समयमै कार्य सम्पन्न गर्नका लागि गाउँपालिका अध्यक्ष, उपाध्यक्ष, प्रमुख प्रशासकीय अधिकृत, शाखा प्रमुख, वडा अध्यक्ष र वडा सचिबहरु विशेष परिस्थितिमा बाहेक कार्यालय नछोड्ने।

१३. गाउँपालिकाको योजना अनुगमन तथा मूल्याङ्कन सम्बन्धी कार्यविधि, २०७६ लाई संशोधन गर्ने

७६।११।२२

भूपाल सिं विष्ट

नि. प्रमुख प्रशासकीय अधिकृत

भूपाल सिं विष्ट

नि.प्रमुख प्रशासकीय अधिकृत


फोन नं. ९८५७८२४२५३

वेब साइटः www.sanibherimun.gov.np इमेलः sanibherimun@gmail.com